# मिति २०७४ साल भाद्र १६ गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

## १. बाढी पहिरोको क्षतिको विवरण सम्बन्धमा

प्रस्ताव नं. १ बाढी पहिरोको क्षतिको विवरण सम्बन्धमा छलफल गर्दा यस बकैया गाउँपालिका क्षेत्रभित्र २०७४ श्रावण २७ देखी २९ गते सम्म आएको अविरल बर्षादका कारण भएको बाढी पहिरोबाट भएको क्षतिको विवरण वडा कार्यालय मार्फत यही भाद्र २० गते भित्र संकलन गरी जिल्ला प्रशासन कार्यालय मकवानपुरमा पठाउने निर्णय गरियो ।

## २.वडा कार्यालयलाई बजेट तथा अख्तियारी सम्बन्धमा

प्रस्ताव नं. २ वडा कार्यालयलाई बजेट तथा अख्तियारी सम्बन्धमा छलफल गर्दा यस बकैया गाउँपालिकामा रहेका १२ वटा वडा कार्यालयहरु मार्फत सञ्चालन गरीने रु २५ लाखको भौतिक पूर्वाधार योजनाको वडा समितिको निर्णय सहित बजेट बाँडफाँड प्राप्त भएपछी तपसिलको चालु (वडा सञ्चालन) खर्च समेतको विनियोजित बजेट खर्च गर्ने अख्तियारी वडा सचिवलाई दिने र स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को ५.६ मा व्यवस्था भए बमोजिम सम्बन्धीत वडाको वडा सचिव र कार्यालय सहायकको संयुक्त दस्तखतबाट वा वडामा कार्यालय सहायक नभएको अवस्थामा वडा सचिवको एकल दस्तखतबाट सञ्चालन हुने गरी नेपाल राष्ट्र बैंकले गाउँपालिकाको स्थानीय सञ्चित कोषको खाता सञ्चालन गर्न तोकेको बैकमा खाता सञ्चालन गरी वडा स्तरिय योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| सि. नं. | खर्च शिर्षक | वार्षिक बजेट ( रु हजार) | खर्च उपशिर्षक | संख्या | महिना /पटक | दर | वार्षिक विनियोजन | चौमासिक विनियोजन |
|---|---|---|---|---|---|---|---|---|
| १ | पदाधिकारीहरु को पारिश्रमिक तथा सुविधा | ८००० | वडा समितिको बैठक खर्च | ६ | २४ | १२०० | १७२८०० | ५७६०० |
| २ | कार्यालय सञ्चालन सम्बन्धी खर्च | २६०० | मसलन्द खर्च | १ | १२ | ३००० | ३६००० | १२००० |
| | | | इन्धन खर्च | १ | १२ | १५०० | १८००० | ६००० |
| | | | धारा, विजुली, सञ्चार | १ | १२ | १५०० | १८००० | ६००० |
| ३ | मर्मत सम्भार खर्च | १५०० | मर्मत सम्भार | १ | १२ | १५०० | १८००० | ६००० |
| ४ | कार्यक्रम खर्च | ४००० | वडा भेला, अन्तक्रिया, समिक्षा, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम | ३ | १ | १०००० | ३०००० | १०००० |
| ५ | अनुगमन, मुल्याङ्कन र भ्रमण खर्च | ५५०० | वडा कार्यालय ( कर्मचारी) | १ | १२ | ५१०० | ६१२०० | २०४०० |
| | | | वडा कार्यालय ( प्रतिनिधी) | १ | १२ | ५२०० | ६२४०० | २०८०० |
| ६ | विविध खर्च | २४०० | अतिथी सत्कार तथा चियापान | १ | १२ | २५०० | ३०००० | १०००० |
| | | | कुल जम्मा | | | | ४४६४०० | १४८८०० |

**३.बजेट कार्यान्वयन कार्यविधि तयारी सम्बन्धमा**

प्रस्ताव नं. ३ बजेट कार्यान्वयन कार्यविधि तयारी सम्बन्धमा छलफल गर्दा गाउँ कार्यपालिकाका अध्यक्ष श्री दामोदर खनाल ज्यू को अध्यक्षतामा उपाध्यक्ष श्री सरला बोलखे र सदस्य लक्ष्मीमाया माझी भएको तिन सदस्यीय समिति मार्फत बजेट कार्यविधि तयार गरी आगामी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

**४.खेलकुद कार्यक्रमको बजेट सम्बन्धमा**

प्रस्ताव नं. ४ खेलकुद कार्यक्रमको बजेट सम्बन्धमा छलफल गर्दा तपसिल अनुसारको फुटवल, भलिवल, कराँते जस्ता खेलमा खेलकुद प्रतियोगिता तथा कार्यक्रममा तपसिल अनुसारको कार्यक्रमका लागि तपसिल अनुसारको सिमा सम्म बजेट स्विकृति गर्न गाउँ कार्यपालिकाका अध्यक्ष ज्यूलाई अख्तियारी दिने निर्णय गरियो ।

तपसिल

क. वडा स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्न बढीमा रु १५ हजार,

ख. गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्न बढीमा रु ३० हजार,

ग. क्षेत्र तथा जिल्ला स्तरीय खेलकुद प्रतियोगिता सहभागी हुन सहयोग बढीमा रु १५ हजार,

**५.बाढी पहिरोको मृतक परिवारको राहत सम्बन्धमा**

प्रस्ताव नं. ५ बाढी पहिरोको मृतक परिवारको राहत सम्बन्धमा छलफल गर्दा वडा कार्यालयबाट मृतकको मृत्यु दर्ता, नाता प्रमाणीत, वडा सर्जमिन मुचुल्का, प्रहरी प्रतिवेदन र हकवालाको नागरिकता समेत राखी गाउँपालिकामा सिफारिस माग गर्न वडा कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**६.नेपाल सरकारलाई  माग गर्ने केन्द्रीय योजना सम्बन्धमा**

प्रस्ताव नं. ६ नेपाल सरकारलाई माग गर्ने केन्द्रीय योजना सम्बन्धमा छलफल गर्दा यस बकैया गाउँपालिका क्षेत्र भित्रको तपसिलका योजना तथा कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाको विद्यमान बजेटबाट अपुग भएकोले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | योजनाको नाम | वडा नं. | अनुमानित बजेट | कैपियत |
|---|---|---|---|---|
| १ | बकैया १ देखी २ हुँदै गाउँपालिका जोड्ने सडक | १ | | |
| २ | चण्डौ बजार वागफल जोड्ने झोलुङ्गे पुल | १ | | |
| ३ | महादेडाँडामा प्रहरी चौकी स्थापना | १ | | |
| ४ | स्वास्थ्य चौकी स्थापना र भवन निर्माण | १ | | |
| ५ | १ नं. वडा कार्यालय भवन निर्माण | १ | | |
| ६ | बकैया २ सरस्वति तिनथुम्के तिनभङ्गाले हुँदै फापरवारी जोड्ने सडक | २ | | |
| ७ | बकैया-२ सरस्वति कैलेनी झोलुङ्गेपुल | २ | | |
| ८ | थाकलचौरबाट तिनभङ्गाले वडा कार्यालयसम्मको कृषि सडक | २ | | |

| सि.नं. | योजनाको नाम | वडा नं. | अनुमानित बजेट | कैपियत |
|---|---|---|---|---|
| ९ | भ्यू टावर सरस्वतिडाँडा बकैया-२ | २ | | |
| १० | चम्पाखहरे धियाल सडक | ३ | | |
| ११ | चिसापानी खजुरीदमार झालेङ्गेपुल | ३ | | |
| १२ | बसन हात्तिसुडे झोलुङ्गेपुल | ३ | | |
| १३ | मुक्तानस्वारा भडौरा झोलुङ्गेपुल | ४ | | |
| १४ | सिमातखोला साना जलविद्युत आयोजना | ४ | | |
| १५ | सेलडाँडामा भ्यूटावर तथा पर्यटकिय पार्क निर्माण | ४ | | |
| १६ | प्रहरी चौकी स्थापना गरगरे | ४ | | |
| १७ | मुक्तानस्वारा सुविद्वारस्वारा थली देउताखोला सेतोभिर माझीखोलासिर रातोथली सोवी सडक | ४ | | |
| १८ | ठाटीखोला पक्की पुल (श्रीपुर जुइना सडक) | ५ | | |
| १९ | भित्रिस्वारा बुदुने झोलुङ्गेपुल | ५ | | |
| २० | कर्मचुली जुइना पक्की पुल (सुकौरा खाला) | ५ | | |
| २१ | जसपल आँपदमार झोलुङ्गेपुल (बकैया खोला) | ६ | | |
| २२ | भालुखोला टिकुली जुनेलीवस्ती हुँदै धरान चतरा जोड्ने सडक | ६ | | |
| २३ | वडाको विभिन्न स्थानमा विद्युत विस्तार | ६ | | |
| २४ | ज्यामिरे गाउँको बसोवास स्थान्तरण | ६ | | |
| २५ | दरबारडाँडा सडक निर्माण | ७ | | |
| २६ | विद्युत विस्तार कालिदमार हिरामुनी कोलखहरे | ७ | | |
| २७ | हात्तिखोला सिंचाई योजना | ७ | | |
| २८ | मामदमार थोर्पाखहरे हुँदै वागमति कुवापानी साततले सडक | ७ | | |
| २९ | खजुरीदमार बङ्दहखोला पक्कीपुल | ८ | | |
| ३० | देउताखोला कर्मैया पक्कीपुल | ८ | | |
| ३१ | देउताखोला झोलुङ्गेपुल | ८ | | |
| ३२ | चुवारेखोला झोलुङ्गेपुल | ८ | | |
| ३३ | बकैया ठाकुर आधारभुत विद्यालय भवन निर्माण | ८ | | |
| ३४ | जनजागृति आधारभुत विद्यालय भवन निर्माण | ८ | | |
| ३५ | पाखिनडाडा खोरभन्ज्याङ्ग च्याउच्याउ भालुखोला शिखरपुर फापरवारी जोड्ने सडक | ९ | | |
| ३६ | हात्तिसुडे च्याउच्याउ भैरुङ्गदोभान मन्थली हुँदै प्यूटार ललितपुर जोड्ने सडक | ९ | | |
| ३७ | ठिंगन कपासे च्याउच्याउ हिलेखोला कुडुले वस्तीपुर हुँदै फापरवारी जोड्ने सडक | ९ | | |
| ३८ | बकैया ठाकुर मन्दिर पर्यटकिय स्थन निर्माण | १० | | |
| ३९ | घैयाटार केरावारी धुँवाकोट सिंचाई आयोजना | १० | | |
| ४० | विद्युतिकरण वडा भरी | १० | | |
| ४१ | प्रशिद्ध मा.वि. कम्पाउण्ड वाल निर्माण | १० | | |
| ४२ | पिपलडाँडा लेकवेसी वृहत खानेपानी योजना | ११ | | |
| ४३ | जितपुर सिमात आहाले कुन्चीपोगल विद्युत विस्तार | ११ | | |
| ४४ | बाँदरेखोला सिंचाई | ११ | | |
| ४५ | फिर्केखोला झोलुङ्गेपुल | ११ | | |
| ४६ | सिमात धोत्रेखोला झोलुङ्गेपुल | ११ | | |

| सि.नं. | योजनाको नाम | वडा नं. | अनुमानित बजेट | कैपियत |
|---|---|---|---|---|
| ४७ | खोरभन्ज्याङ्ग कुन्चीपोगल गमलटार कृषि सडक | ११ | | |
| ४८ | कवासे कालिदमार सिंचाई | ११ | | |
| ४९ | सिमलट्याक वाइवालोसे खानेपानी | ११ | | |
| ५० | मोरङ्गे मोटरबाटो | ११ | | |
| ५१ | लटरम्मेस्वर मन्दिर जाने सिंढी बाटो निर्माण | १२ | | |
| ५२ | बागमति ठिंगनवेसी सिंचाई आयोजना | १२ | | |
| ५३ | घलेगाउँ हामस्टे र भ्यू टावर निर्माण (घलेगाउँ) | १२ | | |
| ५४ | कोलखोप सिमपानी भोलुङ्गेपुल (कोलखोप) | १२ | | |
| ५५ | गोदामडाँडा धेद्रे भोलङ्गेपुल | १२ | | |
| ५६ | चारघरे रातोमाटे भोलुङ्गेपुल | १२ | | |
| ५७ | कान्ति मा.वि. घेरावार | १२ | | |
| ५८ | कोलखोप खोपकेन्द्र भवन निर्माण | १२ | | |
| ५९ | कालाभैरव प्रा.वि. भवन निर्माण | १२ | | |

**७.सामुदायिक स्वास्थ्य ईकाई माग गर्ने सम्बन्धमा**

प्रस्ताव नं. ७ सामुदायिक स्वास्थ्य ईकाई माग गर्ने सम्बन्धमा छलफल गर्दा तपसिलका वडाहरुमा स्वास्थ्य सेवा उपलब्ध नभएकोले सामुदायिक स्वास्थ्य ईकाई स्थापना गरी दिन सम्बन्धीत निकायलाई माग गर्ने निर्णय गरियो ।

तपसिल

क. बकैया गाउँपालिका वडा नं. १ महादेवडांडा
ख. बकैया गाउँपालिका वडा नं. ५ राजदमार
ग. बकैया गाउँपालिका वडा नं. ६ जुनेलीवस्ती
घ. बकैया गाउँपालिका वडा नं. ७ धमिले घमनटोल
ङ. बकैया गाउँपालिका वडा नं. ८ किर्नेवजार
च. बकैया गाउँपालिका वडा नं. ११ आँपचौर

**८.विविध सम्बन्धमा**

प्रस्ताव नं. ८ विविध सम्बन्धमा छलफल गर्दा तपसिलका कार्यहरु गर्ने निर्णय गरियो ।
तपसिल

क. प्रत्येक वडामा गत विगतमा सञ्चालित योजनाहरुको गाउँ कार्यपालिकाको अध्यक्ष ज्यू को संयोजकत्वमा ३-५ सदस्यीय टोली बनाई प्रत्येक वडामा योजनाको अनुगमन तथा अन्तक्रिया कार्यक्रम गर्ने ।
ख. बाढी पहिरो तथा भुकम्पबाट जोखिममा रहेका बस्तीहरुको वडा समिति मार्फत पहिचान गर्ने ।
ग. बालमैत्री परिक्षा तोकिएको मितिमा विदा पर्न गएकोले सो लिखित तथा मौखिक परिक्षा २०७४ साल भाद्र २५ गते ११:०० बजेदेखी गर्ने र लिखित, मौखिक र अन्तवार्ताद्वारा बालमैत्री स्वयंसेवक छनौट गरी गाउँ कार्यपालिकाको अध्यक्ष ज्यू समक्ष पेश गर्न कार्यकारी अधिकृत श्री सुरेन्द्र प्रधानको अध्यक्षतामा फटिकरमण प्याकुरेल र शिवराम बोहरा भएको तिन सदस्यीय परिक्षा समिति गठन गर्ने ।
घ. गाउँ कार्यपालिकाको र वडा सचिवहरुको संयुक्त बैठक प्रत्येक महिनाको ४ गते ११:०० बजे गाउँ कार्यपालिका कार्यालयमा बस्ने । सो दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन बस्ने ।

ङ. गाउँ कार्यपालिकाको नियमित मासिक बैठक प्रत्येक महिनाको ५ गते बस्ने । सो दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन बस्ने ।

च. भुकम्पको गुनासो संकलन तथा सम्झौता गर्ने कार्य भाद्र मसान्त भित्र सम्पन्न गर्न वडाहरुलाई निर्देशित गर्ने र गुनासो सुनुवाई सम्बन्धी परिपत्र सबै वडाहरुमा वितरण गर्ने ।

छ. गाउँपालिका क्षेत्रभित्र सञ्चालित विभिन्न स्वास्थ्य संस्थामा करारमा कार्यरत तपसिलका कर्मचारीहरुको करार सम्झौता ६ महिनाको लागि थप गर्ने ।

तपसिल

१. अहेव श्री विष्णुमाया भोलन (प्राथमिक स्वास्थ्य केन्द्र, छतिवन)

२. अहेव श्री अन्सु झा (धियाल स्वास्थ्य चौकी)

३. अहेव श्री इन्दीरा दाहाल (ठिंगन स्वास्थ्य चौकी)

४. अहेव श्री सोमलाल भोलन (मन्थली स्वास्थ्य चौकी)

५. अनमी श्री श्रृजना रायमाझी (शिखरपुर स्वास्थ्य चौकी)

६. कार्यालय सहयोगी श्री बुद्धीमान गोले (शिखरपुर स्वास्थ्य चौकी)

७. कार्यालय सहयोगी श्री राकेन्द्र थिंङ (धियाल स्वास्थ्य चौकी)

८. कार्यालय सहयोगी श्री पार्वती चौंलागाई (प्राथमिक स्वास्थ्य केन्द्र, छतिवन)

९. अनमी श्री सुजिता विष्ट (मन्थली स्वास्थ्य चौकी बर्थीङ सेन्टर सञ्चालन)

१०. अहेव श्री कृष्ण बहादुर लामा जिम्बा (सामुदायिक स्वास्थ्य ईकाई, हात्तिसुडे)

११. अनमी श्री गितामाया मग्राति (सामुदायिक स्वास्थ्य ईकाई, हात्तिसुडे)

साथै मन्थली स्वास्थ्य चौकीमा एक जना र बकैया गाउँपालिका सामाजिक विकास शाखामा एक जना समेत दुई जना कार्यालय सहयोगी करार सेवामा भर्ना गर्न सम्बन्धीत संस्थालाई जिम्मेवारी दिने ।

ज. गाउँपालिका क्षेत्रभित्र कृषि तथा पशु सेवा कार्यालयबाट हस्तान्तरण भई आएका करारमा कार्यरत तपसिलका कर्मचारीहरुको करार सम्झौता ६ महिनाको लागि थप गर्ने ।

तपसिल

१. ना.प्रा.स. श्री गिता राई

२. ना.प्रा.स. श्री भावना अधिकारी

३. ना.प.से.प्रा. श्री शोभा सापकोटा

४. ना.प.से.प्रा. श्री हरिशरण खतिवडा

झ. बकैया गाउँपालिकाको वडा कार्यालयमा कार्यरत साविक गा.वि.स. ले नियुक्ति गरेका करारमा कार्यरत तपसिलका कर्मचारीहरुको करार सम्झौता ६ महिनाको लागि थप गर्ने ।

तपसिल

१. सहायक स्तर तेश्रो (कार्यालय सहायक) श्री सोमलाल जिम्बा

२. सहायक स्तर चौथो (स.ले.पा.) श्री पदम बहादुर जिम्बा

३. सहायक स्तर पहिलो (कार्यालय सहयोगी) श्री हरिमाया लो

४. सहायक स्तर चौथो (सह-लेखापाल) श्री जय बहादुर भोम्जन

ञ. जिल्ला बचत तथा ऋण सहकारी संघ लि. हेटौंडाबाट बाढी पहिरो पिडितका लागि प्राप्त राहत रकम रु ४०,००० को प्राप्त चेक रकम स्विकार गर्ने ।

आज मिति २०७४ साल भाद्र १६ गतेको बैठक विहान १:०० बजे शुरु भई ५:१५ बजे सम्पन्न गरियो ।